Citizens® Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)
कमलादी, काठमाण्डौ, पो.ब.नं. १९६८१
फोन नं. ४१६९०६७, ४१६९०६८ फ्याक्स नं. ४१६९०७७

# धितोमा रहेको संस्थापक शेयर लिलाम बिक्री बारे गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने मिति २०६८/७/१४**
**शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति २०६८/७/२०**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट प्राप्त गर्नु भएको ऋण कर्जा सम्झौताको शर्त मुताविक समय समयमा यस बैंकलाई बुझाउनु पर्ने कर्जा रकम, बैंकसँग भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा यस बैंकबाट पटक पटक लिखित तथा मौखिक रुपमा तरताकेता गर्दा समेत आजसम्म उक्त ऋणकर्जा चुक्ता भुक्तान गर्न वेवास्ता गरि ऋणीले बैंकसँग गरेको ऋण कर्जा सम्वन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित संस्थापक शेयरहरु नेपाल राष्ट्र बैंकको निर्देशन एवं प्रचलित कानूनको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरि बैंकको लेना असुल उपर गर्न यो सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित शेयरहरु खरिद गर्न इच्छुक सम्वन्धित बैंक तथा वित्तीय संस्थाका विद्यमान संस्थापक शेयरधनी लगायत अन्य इच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संगठित संस्थाहरुले यो सूचनामा उल्लेखित अवधी भित्र गोप्य शिलबन्दी बोलपत्र फारम रितपुर्वक भरी यस बैंकको शेयर रजिष्ट्रार श्री एलिट क्यापिटल लिमिटेड राष्ट्रिय नाचघर, जमल, काठमाडौमा आइपुग्ने गरी तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलामी प्रकृयाबाट धितोमा रहेको संस्थापक शेयरहरु लिलाम बिक्री हुन नसकेमा कानून बमोजिम अन्य प्रकृयाबाट बैंकले ऋण कर्जाको साँवा, ब्याज, दैदस्तुर आदि रकम असुल उपर गर्न सक्नेछ भन्ने जानकारी धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति, फर्म वा कम्पनी र ऋणीहरु समेतलाई यसै सूचनाबाट अवगत गराइन्छ।

**तपसिल**

**लिलाममा रहेको संस्थापक शेयरहरुको विवरणः**

| क्र.सं. | ऋणीको नाम | सुरक्षणधनीको नाम/शेयराधनीको नाम | शेयर जारी गर्ने संस्था | शेयर कित्ता | शेयर किसिम |
|---|---|---|---|---|---|
| १ | कृषि प्रिमुरा होल्डिङ प्रा.लि. | नेपाल मेन्था प्रडक्ट्स प्रा.लि. | बैंक अफ काठमाडौं लि. | ७६,८७५ | संस्थापक |
| २ | हारति इन्भेष्टमेन्ट प्रा.लि. | | | | |
| ३ | कृषि प्रिमुरा प्रोप्रटिज प्रा.लि | | | | (११,७२७ कित्ता बोनश शेयर सहित) |

**शर्तहरुः**

१. बोलपत्र आवेदन फारम यस बैंकको कर्पोरेट कार्यालय कमलादी, काठमाडौं तथा वेवसाइट www..ctznbank.com वा यस बैंकको शेयर रजिष्ट्रार श्री एलिट क्यापिटल लिमिटेड राष्ट्रिय नाचघर, जमल, काठमाडौ तथा वेवसाइट www.elitecapital.com.np बाट प्राप्त गर्न सकिनेछ।

२. व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुले छुट्टाछुट्टै आवेदन फारम भरी फरक फरक मूल्यमा आवेदन दिन पनि सक्नेछन्।

३. बोलपत्र आवेदन फारममा आफूले लिन चाहेको शेयर कित्ताको दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाँउमा दस्तखत गर्नुपर्नेछ। धेरै केरमेट भई कबोल गरेको मूल्य रकम नबुझिने भएमा मान्यता दिइने छैन।

४. बोलपत्र आवेदन फारम पेश गर्दा न्यूनतम १००० कित्ता वा अधिकतम सम्पूर्ण कित्ताका लागि आवेदन दिन सकिनेछ। साथै नेपाल राष्ट्र बैंक तथा प्रचलित नियम कानून बमोजि तोकिएको सिमा, शर्तको अधिनमा रही आवेदन दिनु पर्नेछ। सोको उल्लघन गरेमा आवेदक स्वयं जबाफदेही हुनेछ।

५. आवेदन साथ आफूले खरिद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम यस बैंकमा रहेको यस बैंकको शेयर रजिष्ट्रार श्री एलिट क्यापिटल लिमिटेडको खाता नं.००१०००००२३५CC मा धरौटी वापत जम्मा गरेको नगद भौचरको सक्कलप्रति संलग्न गर्नुपर्नेछ।

६. रितपूर्वक प्राप्त बोलपत्रहरुमध्ये सबैभन्दा बढी दरमा खरिद गर्न कबुल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको क्रमश बढी रकम कबोल गर्नेलाई बिक्री गरिनेछ । यस क्रममा शेयर बिक्री गर्दै जादा एउटै मूल्यमा वा दुईभन्दा बढी आवेदनहरु पर्न गएमा समानुपातिक रुपमा शेयर बाँडफाँट गर्न सकिनेछ। तथापि कुनै पनि अवस्थमा शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँट गर्न सक्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहेनेछ।

७. बोलपत्र आवेदन मिति २०६८/७/२० गते अपरान्ह ३:०० बजेभित्र बैंकको शेयर रजिष्ट्रार श्री एलिट क्यापिटल लिमिटेड राष्ट्रिय नाचघर, जमल, काठमाडौमा दर्ता भई सक्नुपर्नेछ। म्याद नाघि आएका वा रित नपुगेका आवेदनहरु उपर कारबाही गरिने छैन।

८. प्राप्त शिलबन्दी बोलपत्रहरु मिति २०६८/७/२१ गते सोमबारका दिन दिनको ४:०० बजे यस बैंकको शेयर रजिष्ट्रार श्री एलिट क्यापिटल लिमिटेड राष्ट्रिय नाचघर, जमल, काठमाडौमा बोलपत्रवाला वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

९. स्वीकृत आवेदकहरुलाई निजले खरीद गर्न चाहेको संस्थापक शेयर सम्वन्धित निकायबाट स्वीकृत प्राप्त भए पछि मात्र खरिदकर्ताको नाममानामसारी गर्ने व्यवस्था मिलाइनेछ।

१०. गोप्य शिलबन्दी बोलपत्र आवेदनहरु मध्ये स्वीकृत नभएका आवेदकहरुको धरौटी वापत जम्मा भएको रकम बोलपत्र खोलिएको सातौं दिनदेखि बैंकको शेयर रजिष्ट्रार श्री एलिट क्यापिटल लिमिटेड राष्ट्रिय नाचघर, जमल, काठमाडौबाट A/C Payee चेक मार्फत फिर्ता भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान गरिने छैन।

११. आवेदक व्यक्ति भएमा १ प्रति फोटो सहित स्वयं आवेदकले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फर्म/संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्रको प्रतिलिपि, संस्था/कम्पनीको हकमा शेयर खरिद गर्ने सम्वन्धमा संचालक समितिको निर्णय तथा अख्तियारनामा संलग्न गर्नुपर्नेछ।

१२. शिलबन्दी खाम बाहिर "संस्थापक शेयर खरिद गर्ने सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र तथा शेयर खरिद गर्न चाहेको कम्पनीको नाम" प्रष्टसँग उल्लेख भएको हुनु पर्नेछ।

१३. रु.१० लाखसम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN) नम्बर आवेदन फारममा खुलाउनु पर्नेछ।

१४. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरको बोलपत्रलाई मान्यता दिइनेछैन।

१५. उपरोक्त शेयरहरु नामसारी सम्वन्धी कारवाही प्रचलित कानून बमोजिम धितोपत्र व्यवसायी मार्फत गरिनेछ।

१६. शेयर नामसारी गर्दा नियमानुसार लाग्ने दस्तुर तथा शुल्क आदि सम्पूर्ण खर्च खरिदकर्ता स्वयंले व्यहोर्नु पर्नेछ।

१७. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड तथा एलिट क्यापिटल लिमिटेडका संचालक, लेखापरिक्षक, कर्मचारी तथा तिनका परिवारका सदस्यहरुले बोलपत्र आवेदन दिन पाउने छैनन्।

१८. प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकसँग सुरक्षित रहनेछ।

१९. संस्थापक समूहको शेयर खरिद गर्नको लागि बोलपत्रदाताले शेयर नेपाल राष्ट्र बैंकको निर्देशन तथा प्रचलित कानुन बमोजिम आफ्नो आम्दानीको श्रोत खुलाई सम्वन्धित कागजातको प्रतिलिपि तथा आ.व. २०६७६८ को कर चुक्ता प्रमाणपत्र/कर दाखिला गरेको निस्साको प्रतिलिपि पेश गर्नुपर्नेछ।

२०. संस्थापक समूहको शेयर खरिद गर्नको लागि बोलपत्रदाता कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा समावेश नभएको हुनुपर्ने र साथै बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरको लागि तोकिएको (अनुसूची (३) भरी सो मा उल्लेखित आवश्यक कागजात समेत संलग्न गर्नुपर्नेछ। उक्त अनुसूची बैंकको वेवसाइटबाट समेत डाउनलोड गर्न सकिनेछ।

२१. संस्थापक शेयरधनी बाहेकका अन्य बोलपत्रदाताहरुको हकमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीहरुका लागि तोकिएको योग्यता ( Fit & Proper Test) पुरा भएको हुनु पर्नेछ।

२२. बाँडफाँटमा परेका बोलपत्रदाताहरुमध्ये शेयर बाँडफाँट गर्न सम्वन्धित संस्थाको संचालक समितिको निर्णय/नियमनकारी निकायको स्वीकृति आवश्यक पर्ने बोलपत्रदाताहरुको विवरण सो निकायमा पेश गर्दा कथमकदाचित सो निकायबाट स्वीकृति प्राप्त नभएमा वा माग गरेको शेयरमध्ये आंशिक शेयरको लागि मात्र स्वीकृति प्राप्त भएमा सोही अनुसार बाँडफाँट गरिनेछ।

२३. प्रचलित कानून तथा विद्यमान निर्देशनमा भएको व्यवस्था बमोजिम संस्थापक शेयर खरीद गर्ने खरीदकर्ता सम्वन्धित बैंक तथा वित्तीय संस्थाको संस्थापक समूह अन्तर्गत रहने व्यहोरा जानकारी गराइन्छ।

२४. बैंक अफ काठमाडौं लि. को ७६,८७५ कित्ता शेयर मध्ये ११,७२७ कित्ता आ.व. ०६७/६८ को बोनश शेयर रहेको हुँदा उक्त शेयर नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत भए पश्चात् मात्र नामसारी गर्न सकिनेछ।

२५. कथमकदाचित बाँडफाँटमा नपरेको रकम फिर्ता गरिसके पश्चात पनि नियमनकारी निकायको निर्देशन/ स्वीकृति बमोजिम केही शेयर बाँकी रहन गएमा बाँडफाँटमा नपरेका बोलपत्रदाताहरुमध्ये प्रति शेयर अधिकतम मूल्य कबोल गर्ने बोलपत्रदाताहरुलाई शेयर खरिद गर्नका लागि बैंकले प्रस्ताव गर्न सक्नेछ। यस्तो प्रस्ताव बोलपत्रदाताले स्वीकृत गरेमा नियमनकारी निकायको स्वीकृति पश्चात मात्र शेयर बाँडफाँट गर्न सकिनेछ।

**विस्तृत जानकारीको लागि**

Elite CAPITAL LIMITED
**एलिट क्यापिटल लिमिटेड**
राष्ट्रिय नाचघर, तेस्रो तल्ला, जमल, काठमाडौं।
फोनः ४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
website: www.elitecapital.com.np
Email: info@elitecapital.com.np

Citizens® Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)